# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
## भजनी कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

प.स.:-
च.नं.:-

मिति :- २०७५/११/१०

**विषय :-२०७५ सालको नगर स्तरीय (स्थानिय तह) आधारभुत तह कक्षा ८ अन्तिम परीक्षा सञ्चालन सम्बन्धमा ।**

श्री नगरपालिका स्थित सबै विद्यालयहरु ।

भजनी नगरपालिका आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७५ फाल्गुन ०९ गतेको निर्णयानुसार २०७५ सालको नगर स्तरीय परीक्षा **(स्थानिय तह) आधारभुत तह कक्षा ८ अन्तिम परीक्षा सञ्चालन** देहायकोवमोजिमको कार्यतालिकाअनुसार सञ्चालन हुने व्यहोरा,जानकारीको लागि अनुरोध छ ।

२०७५।११।१०
प्रमुख प्रशासकीय अधिकृत

१. परीक्षा सञ्चालन कार्यतालिका

समय :दिनको : ०१:०० बजे देखि ०४:०० बजेसम्म

| क्र.सं. | मिति | बार | कक्षा ८ |
|---|---|---|---|
| १ | २०७५।१२।१० | आइतबार | अंग्रेजी |
| २ | २०७५।१२।११ | सोमबार | नेपाली |
| ३ | २०७५।१२।१२ | मंगलबार | विज्ञान तथा वातावरण |
| ४ | २०७५।१२।१३ | बुधबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| ५ | २०७५।१२।१४ | बिहीबार | स्वास्थ्य तथा शारीरिक शिक्षा +नैतिक शिक्षा |
| ६ | २०७५।१२।१५ | शुक्रबार | पेशा, व्यवशाय र प्रविधि शिक्षा |
| ७ | २०७५।१२।१६ | शनिवार | विदा |
| ८ | २०७५।१२।१७ | आइतबार | गणित |
| ९ | २०७५।१२।१८ | सोमबार | स्थानीय विषय/ मातृ भाषा / अन्य विषय |

क्रमश.........

२. दुईओटा विषयको परीक्षा एकै दिनमा सञ्चालन गर्ने दिन समयतालिकामा पहिले उल्लेख भएको विषयलाई पहिलो चरण र पछि उल्लेख भएको विषयको परीक्षालाई दोस्रोचरणमा सञ्चालन गर्नुपर्नेछ । परीक्षा तोकिएको मितिमा कुनै सार्वजनिक विदा पर्न गएमा पनि परीक्षा समितिको पूर्व सूचना विना परीक्षा स्थगित हुने छैन ।

३. विद्यालयले तोकिएबमोजिमको आवेदन फाराम भरेर मिति २०७५।११।१८ गते भित्र ३ प्रति समष्टिगत सहित स्रोतकेन्द्र मार्फत शिक्षा शाखामा बुझाइसक्नुपर्नेछ ।

४. आवेदन तथा समष्टिगत फाराम भर्दा भराउदा अनिवार्यरुपले पछिसम्म फरक नपर्ने गरि विद्यार्थीको जन्मदर्तामा उल्लेखित नाम, बाबुआमाको नाम र जन्ममिति लेख्नुपर्नेछ , साथै जन्मदर्ता र मार्कसिटको छायाँकपि संलग्न गर्नु पर्नेछ । पछि आवेदन फाराम र मार्कसिटमा उल्लेखित विवरण सच्याउन पाइने छैन ।

५. प्रयोगात्मक विषयको अंक २०७५।११।२५ गते भित्र अनिवार्यरुपमा स्रोतकेन्द्र मार्फत शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

६. परीक्षार्थीको रोल नं. कायम गर्दा EMIS को क्रम अनुसार Student ID कायम गर्ने ।